नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# भैरहवा भन्सार कार्यालय, रुपन्देही

## गोप्य सिलवन्दी बोलपत्रको माध्यमबाट मालसामानहरु लिलाम विक्री गर्ने सम्बन्धी १५ दिने सूचना

**पहिलो पटक प्रकाशित सूचना मिति : २०८२।१०।२५ गते**

भन्सार छली चोरी निकासी/पैठारी अभियोग तथा यस कार्यालयको गोदाममा बिभिन्न मितिमा दाखिला भई जफत भएका तपसिल बमोजिमको विवरणका मालवस्तुहरु जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले भन्सार ऐन, २०८२ को दफा ९२ तथा भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम सिलबन्दी बोलपत्रको सूचना प्रकाशन गरिएको छ । नियमानुसार दर्ता भएका ईच्छुक फर्म, संघसंस्था वा कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र निम्न शर्तको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । सो सम्बन्धी विवरण भन्सार विभाग र यस कार्यालयको वेवसाइट https://customs.gov.np/ र https://bhairahawa.customs.gov.np मा समेत हेर्न सकिने छ ।

तपशिलः-

| बोलपत्र नं. | मुद्दा नं./ मिती | मालवस्तुको विवरण | मालवस्तुको न्युनतम मुल्य रु. |
|---|---|---|---|
| १ | ३३९-२०८२/०६/०५ | आइफोन ५० पिस (खुला अवस्थामा रहेका) | १२४५००० |
| २ | ५२३-२०८२/०७/१८ | Iphone-11 Promax Display 30 pcs,Iphone -11 Normal Display 30 Pcs, Iphone- x Display 40 Pcs, Iphone 11 Display 50 Pcs, Iphone 13 ProMax Display 10 Pcs, RM 12 C Display 20 Pcs, Horner X6B Display 10 Pcs, RM12 Display 10, SM A045 Display 16Pcs, RM 10C Display 20 Pcs, RM Note 9 Display 10 Pcs, RM Note9 Pro Display 30Pcs, SM A15 Display 2 Pcs, RM Note 10 Pro display 60 Pcs, Vivo Y 04 Display 20 Pcs, SM A16 Display 10 Pcs, SM A50 Display 10 Pcs, SM M31 Display 10 Pcs, SM A 52 Display 5 Pcs, 1+Nord Display 10 Pcs, Benko Display 10 Pcs, Vivo Y 100 Display 7 Pcs, RM NOte 13 Pro 10 Pcs, ZTE A35 Display 10 Pcs, SM A31 Display 10 Pcs, SM A30 Display 13 Pcs, SM A06 Display 10 Pcs, POCO M4 Display 10 Pcs, Vivo Y28 Display 10 Pcs, RM NOte 14 Display 10 Pcs | ५९४८०० |
| ३ | ५२९-२०८२/०७/२० | Iphone 13 -14 Pcs, Iphone 11 -5 Pcs, Iphone 17-1 Pcs,Iphone 15 -1 Pcs, Iphone XR-3 Pcs, Iphone X-2 Pcs, Iphone XS max 5 Pcs (खुला अवस्थामा रहेका) | ९९९००० |
| ४ | ५४३-२०८२/०७/२३ | ल्यापटप १ थान गाइको मुर्ती ४ थान विभिन्न मोवाइल डिस्प्ले ६३ पिस मोवाइल डिस्प्ले १४ डिव्वा मोवाइल व्याट्री १० पिस सोल्डर पेस्ट १ डिव्वा | ४६८२८१ |
| ५ | ७३१-२०८२/०९०८ | Taptree Series Quba Item २/१ Bib cock १६० pcs,Taptree Series Quba Item Sink Mixer, ९४pcs, चिनी १०० के.जी, मटरको दाल ५० के.जी. | ८९६००० |
| ६ | ७४१-२०८२/०९१० | I-Phone11- ६ पिस, I-phone13- ८ पिस, I-phone को डाटाकेवल १३ पिस (खुला अवस्थामा रहेका) | ५१०४०० |

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

| | | | |
|---|---|---|---|
| ७ | ८४२-२०८२/१०/१० | पिताम्बरी पुजा कपडा (५[illegible] मिटर) ४९६पिस, बनारसी साडी ७३ पिस, सर्टको थान कपडा (१८ मि. २२२ रोल) ३९९६ मिटर, सर्टको थान कपडा (२० मि.५२ रोल) १०४० मिटर, सर्टको थान कपडा (१९ मि.१४ रोल) २६६ मिटर, सर्टको थान कपडा (१६ मि. ६४ रोल) १०२४ मिटर, सर्टको थान कपडा (१३ मि.२३ रोल) २९९ मिटर, कोटको थानको कपडा (१२ मि.८८ रोल) १०५६ मिटर, कोटको थानको कपडा (१३ मि.८ रोल) १०४ मिटर, कोटको थानको कपडा (२५ मि.१० रोल) २५० मिटर, कोटको थानको कपडा (३० मि.२ रोल) ६० मिटर, कोटको थानको कपडा (२० मि.२ रोल) ४० मिटर, कोटको थानको कपडा (२४ मि.२ रोल) ४८ मिटर, कोटको थानको कपडा (१० मि.६४ रोल) ६४० मिटर, जेन्सको कुर्ती थान कपडा (१५ मि.१५ रोल) २२५ मिटर, चिनी ५० के.जी. | ३७२५२०० |
| ८ | ८४६-२०८२/१०/११ | रेडिमेड ब्लाउज ११ पिस, मुरका काचो कपडा ८० मि., सियाराम काचो कपडा १०० मि., भेलवेड कपडा १५० मि., सटपाइन्ट २८ पिस, सुट ६८ पिस, पूजा कपडा ३२५ मि., पसमिना सुट १० पिस, रुविया कपडा ३११ मि, सिलिक साडी १७० मि, पेटिकोट कपडा ५७३ मि, साडी २१३ पिस | ८४११५० |
| ९ | ८८१-२०८२/१०/२२ | लेडिज कुर्ता सुरुवाल (सुट) १२८५ पिस, लेडिज ब्लाउज १२६ पिस | ७२४७५० |
| १० | ४७२-२०७९/१२/२४ | बेबी सुज ७९० जोर, उलन स्वीटर (म्यादी) ४८० पिस, लेडिज जिन्स पाईन्ट ४३० पिस, कटन सारी ७५ पिस, प्रिन्ट ड्रेस कपडा १४४ मिटर, इम्ब्रोडरी नेट कपडा १०३ मि, भेलभेट प्लेन कपडा ५३ मि, उलन ड्रेस मेटेरियल १७९४ मि, भेलभेट सुट ७ पिस, अन्य रेशा सारी ड्रेस (टिचर) ३२ पिस, कटन सुट ३२, इम्ब्रोडरी सिम्पल सारी १४ पिस, उलन सर्टिङ्ग कपडा १७४ मि, ड्रेस मेटेरियल कपडा ६०९ मि, सुट २४ पिस, उलन सल पिस ७७ पिस, ढाका प्रिन्ट १४० मि, अन्य रेशा प्रिन्ट १६० मि, कटन प्रिन्ट ८० मि, उलन टप १२०९ पिस, उलन स्वीटर ४८ पिस, ब्लाङ्केट ९२ पिस, weight lifting belt (sport) १२० पिस, उलन थान कपडा १८३ मि, सिरक बनाउने कपडा ७२ मि, सुटिङ्ग कपडा २०६ मि, रेक्जिन क्लोथ १२९० मिटर, Strut Kit ६ Pc, Suspension bush ११ Pc, Shocker Mounting ३० pc, Bushing kit १० pc, Normal bush ८० pc, Air filter ९ pc, Air filter TATA ५ pc, Air filter Renault २० pc, Air filter ford १ pc, Air filter Mahindra ५ pc Air flow ६ pc, Filter base ६ pc, Front wheel Suzuki १२ pc, Clutch set TATA २ pc, clutch kit Suzuki २ pc, Suasion Arm set ९ pc, Suzuki air filter ५ pc, Oil filter Hyundai ३ pc, Air flow ३७ pc, Bearing cloth १० pc, Bearing cloth Suzuki १५ pc, water pump assay २ pc, Bearing ९ pc, Front wheel hub २ pc, cover assay २ pc, Disk brake २ pc, clutch set Tata ३ set, clutch cover १ pc, clutch disk २pc, Air cleanser Suzuki ४ pc, Air filter ४ pc, Spark plug १० pc, Air cleaner filter १५ pc, Gasket १३ pc, spark plug १२ pc, YBS brake disk pads set २४ set | ३९९९६८४ |
| ११ | ४७३-२०७९/१२/२४ | लेडिज क्लोथ क्लोज सुज १०८ जोर, जेन्स स्पोर्ट सुज ४२८ जोर, बेबी स्पोर्ट सुज १८० जोर, जेन्स चप्पल ५१३ जोर, चाईल्ड कन्भर्स सुज ३३ जोर, बेबी वाकर १०४ जोर, अविर ७०० केजी, पप्लीन कपडा ६२७० मीटर, थान कपडा २२०० मिटर, डबल बेड तन्ना ८८० पिस, सिंगल बेड तन्ना १४०० पिस, उलन सुट १६९० पिस, ईम्ब्रोडरी ड्रेस कपडा १७ मिटर | ५४९९६९८ |

भन्सार अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भन्सार कार्यालय
बेलहिया,

| | | | |
|---|---|---|---|
| १२ | जफत | FMB9653E8T01- 93 पिस, FMB00377NJ01- 75 पिस, FMB150K5XW01- 20 पिस, FMB9653E8T01- 7 पिस, FMB00377NJ01- 45 पिस, FMB150K5XW01- 23 पिस, FMB150K5U801- 2 पिस | ९११५७८ |
| १३ | जफत | सर्जिकल्स गुड्स (प्रिफेब्रीकेटड हाउस सामान) २५० अदत, विविध(प्रिफेब्रीकेटड हाउस सामान) 636 अदत, विविध(प्रिफेब्रीकेटड हाउस सामान) 200 अदत (जम्मा 21846 के.जि. | ११९१४०४ |

<u>शर्तहरु:</u>

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८२/११/१० गते सम्ममा) बोलपत्रको लागि प्रति बोलपत्र दशलाख सम्म न्युनतम मूल्य भएकोमा रु. १,०००/- र न्युनतम मूल्य दश लाख भन्दा वढी भएकोमा रु. २,०००/- दस्तुर बुझाइ (फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखाबाट बोलपत्र खरिद गर्न सकिनेछ। कार्यालयबाट खरिद गरेको बोलपत्र बाहेक अन्य बोलपत्रदाताले बोलपत्र दाखिला गर्न सक्ने छैन।

२. कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम राष्ट्रिय बाणिज्य बैंक, सुख्खा बन्दरगाहा शाखा भैरहवा (बेलहिया) रुपन्देहीमा रहेको क२९/३४९०१००१०२०९०००१ नम्बरको खातामा जम्मा गरी सोको सक्कल भौचर बोलपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ।

३. बोलपत्र फाराम १६ औं दिन (मिति २०८२/११/११ गते) को १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ। बोलपत्र दर्ता गर्दा सिलबन्दी खाम बाहिर बोलपत्र नम्बर अनिवार्य रुपमा लेख्नु पर्नेछ। १६ औं दिनको १२:०० बजेसम्म दर्ता हुन आएको बोलपत्र सोही दिन १५:०० बजेको समयमा कार्यालयका कर्मचारीहरु, बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

४. बोलपत्रमा बोलपत्रदाता फर्मको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र, मु.अ.करमा दर्ता भएको भए सो प्रमाणपत्र र गत आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । बोलपत्र फाराम खरिद गर्दा उल्लिखित कागज प्रमाण पेश गरेमा पुनः पेश गर्नु पर्ने छैन।

५. बोलपत्रमा बोलपत्रदाताले आफ्नो फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारिक सही छाप गरेको हुनु पर्नेछ।

६. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको स्थानामा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। कुनै पनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन।

७. ईच्छुक फर्म वा प्रतिनिधिले मालवस्तु हेर्न चाहेमा यस कार्यालयको मुद्दा शाखा सम्पर्क राखी प्रत्येक मंगलबार र बिहीबार विहान १०:०० बजेदेखि मध्याह्न १६:०० बजेसम्म हेर्न बुझ्न सकिनेछ।

८. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरीनेछ। बोलपत्र स्वीकृत भएको व्यक्ति/फर्मले स्वीकृत मितिबाट ७ दिनभित्र बुझाउनु पर्ने रकम र प्रचलित कानून बमोजिम लाग्ने अन्य कर महशुल तथा अन्तःशुल्कहरु समेत बुझाई मालवस्तु उठाइ लैजानु पर्नेछ। सात दिनभित्र नउठाएमा धरौटी रकम जफत गरी क्रमशः अन्य बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ।

९. कुनै मालवस्तु खरीद बिक्रीका लागि कानून बमोजिम इजाजत चाहिने मालवस्तुको हकमा सो सम्बन्धि इजाजत पत्र प्राप्त गरेका फर्म वा संस्थालाई मात्र बोलपत्रमा सहभागी गराइनेछ।

१०. लिलामबाट लगेका मालबस्तु नियमानुसार गुणस्तर परीक्षण गर्नुपर्नेको हकमा लिलाम सकारकर्ताले सम्बन्धित निकायबाट परीक्षण गराई उपभोग योग्य भएमा मात्र उक्त मालबस्तु बिक्री वितरण/उपभोग गर्नुपर्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्ध गर्न सक्नेछ।

१३. यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।